म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १८८ २०८० जेठ १९ गते शुक्रबार 2 June 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




## प्रदेशको नीति तथा कार्यक्रममाथि छलफल जारी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममाथि बिहीबार पनि छलफल भएको छ । प्रदेश प्रमुख यादवचन्द्र शर्माले गत आइतबार प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि बुधबार बाट छलफल सुरु भएको हो ।

बिहीबारको बैठकमा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले शून्य समय र विशेष समय नरहेको जानकारी गराउनुहुँदै नीति तथा कार्यक्रमहरुबारे छलफल गर्न बैठक प्रारम्भ भएको घोषणा गर्नुभयो । छलफलमा बोल्नुहुँदै नेकपा माओवादी केन्द्रका सांसद प्रेमबहादुर पुलामीले अहिले संविधानले प्रदत गरेको अधिकारलाई लिएर संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै प्रदेशको नीति तथा कार्यक्रम आएको महशुस गरेको बताउनुभयो । नीति तथा कार्यक्रमले नै बजेटको दिशा दिने बताउनुहुँदै उहाँले अर्थतन्त्र, संरचनागत सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्चको वृद्धि र गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिएर अहिलेको नीति तथा कार्यक्रम आएको दावी गर्नुभयो ।

सांसद पुलामीले अहिलेको नीति तथा कार्यक्रममा केही कुरा छुटेको र आगामी दिनमा कार्यक्रम र बजेट बनाउँदा शिक्षा र स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । उहाँले शिक्षामा बागमती प्रदेशमा खेलकुदसँग सम्बन्धित कम्तिमा एउटा विषय पाठ्यक्रमको रुपमा बनेर आउनुपर्ने बताउनुभयो । त्यसो गर्दा कुनै खेल छुट्टै खेलिरहनुपर्ने, आफ्नो जीवन रक्षाका लागि बालबालिकाले अर्कै कुरा सिकिरहनुपर्ने र कभर्ड हल वा ग्राउण्डमा जानुपर्ने आवश्यकता नपर्ने उहाँको भनाई छ ।

अहिलेको यो नीति तथा कार्यक्रमसम्म आइपुग्दा बागमती प्रदेश आर्थिकरुपमा आत्मनिर्भर हुने सुनौलो अवसर प्राप्त भएको उहाँले बताउनुभयो । उहाँले प्रदेशकै वित्तीय पुँजीद्वारा विद्युत् आयोजना सञ्चालन गरेर आर्थिक उपार्जन गर्न सकिने बताउनुभयो । प्रदेशले एकीकृत बस्ती, नदी र खोलाले कटान गरेका जमिनहरुलाई तटबन्ध गरेर नदी उकास जमिन निर्माण गरी एकीकृत बस्तीको विकास गर्नुपर्ने उहाँले बताउनुभयो । कृषि क्षेत्रलाई प्राथमिकता दिएर उत्पादन भएका वस्तुहरुलाई बजारीकरण गर्ने र किसानहरुको घरमा समयमै बिउ र मल पुऱ्याउने कार्यक्रम ल्याउनुपर्ने उहाँले बताउनुभयो । प्रदेश सरकारले अपाङ्ताहरुको क्षमताको प्रयोग गर्न सक्नुपर्ने र आउने कार्यक्रममा त्यसलाई व्यवस्थित गरेर लानुपर्ने उहाँले सुझाव दिनुभयो ।

नेकपा एमालेका सांसद केशवप्रसाद पोखरेलले सरकारले पेश गरेको नीति तथा कार्यक्रमले धेरै क्षेत्र समेट्ने खोजिएको तर विषयहरु नै गोलमटोल देखिएको बताउनुभयो । प्रदेश गौरवका योजनाहरुमा कुनै पनि सांसदहरुको सल्लाह नलिई एकलौटी ढङ्गले कार्यक्रम ल्याएको उहाँले आरोप लगाउनुभयो । यसमा सिंगो बागमती बोल्ने गौरवका योजनाहरु नआएको उहाँको भनाई छ ।

नयाँ ढङ्गले स्रोतको खोजी गर्ने र आम्दानी हुने क्षेत्रलाई बढाउने कुरालाई सरकारले आँट नगरेको उहाँले बताउनुभयो । उहाँले एक प्रदेश निर्वाचन क्षेत्रमा एक खेलकुद मैदान, एक सहरी क्षेत्रमा एक कभर्ड हल, व्यायामशाला, एक आयुर्वेद केन्द्र र एक नमुना कृषि केन्द्र निर्माण गर्नुपर्ने बताउनुभयो । रासायिक मल कारखाना स्थापनाका लागि प्रदेश सरकार बोल्नुपर्ने भएपनि त्यो नदेखिएको उहाँको भनाई छ । उहाँले स्वास्थ बीमा, शिक्षा बीमा र कृषकहरुको बाली बीमाको विषयलाई नीति तथा कार्यक्रममा विशेषरुपमा जोड्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद कुमारी तामाङले बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा सर कारको गैरजिम्मेवारपना देखिएको बताउनुभयो । प्रदेश प्रमुखले देखाएको खाली फाइलको अर्थ प्रदेश सरकारको नीति तथा कार्यक्रम नै खाली भएको भन्ने लागेको उहाँले बताउनुभयो । सरकारको लापरबाहीको पराकाष्ठा भएकाले सदनमा छलफलको विषय बनाउन उहाँले आग्रह गर्नुभयो ।

प्रत्येक वर्ष नीति तथा कार्यक्रमा ल्याइनेछ र गरिनेछजस्ता भाषाहरु प्रयोग हुने, तर ल्यायो र गऱ्यो भनेर उपलब्धी जानकारी नगराइने गरेको उहाँले गुनासो गर्नुभयो । उहाँले पर्यटकीय हिसाबले सम्भावित मेलम्चीको पुल निर्माण गर्न हालसम्म कुनै सरकारको आँखा नपुगेको बताउनुभयो ।

प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुमाथि शुक्रबार बिहान १० बजेर ३० मिनेटमा छलफल गरिने गरी बिहीबारको बैठक सम्पन्न भएको छ ।

## इन्द्रसरोवरमा ग्रामीण आँखा केन्द्र स्थापना


प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाको आँखाको परीक्षण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ग्रामीण आँखा केन्द्र सञ्चालनमा आएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा केन्द्र सञ्चालनमा आएको हो । प्रतिनिधिसभा सदस्य महेश बर्तौलाको प्रमुख आतिथ्यमा बुधबार केन्द्रको उद्घाटन गरिएको छ । केन्द्र उद्घाटनको अवसरमा निशूल्क आँखा शिविरको समेत आयोजना गरिएको थियो ।

शिविरमा २ सय ८९ जनाले आँखा परीक्षण गराएका थिए । आँखा परीक्षण गराउने मध्ये १५ जनामा मोतिविन्दुको लक्षण देखिएको थियो । मोतिविन्दुको लक्षण देखिएकाहरुलाई हेटौंडा सामुदायिक आँखा अस्पतालसँगको सहकार्य र समन्वयमा आवश्यक उपचारको व्यवस्थापन गरिएको

गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिनुभएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनिल थकालीको नेतृत्वमा स्वास्थ्यकर्मी र हेटौंडा सामुदायिक आँखा अस्पतालका अधिकारीको सहभागिता रहेको थियो ।

ग्रामीण आँखा केन्द्रमा आँखाको प्राथमिक उपचारका साथै आँखाको जाँच गरेर आवश्यक चश्मा पनि उपलब्ध हुनेछ । हेटौंडा सामुदायिक आँखा अस्पतालले २५ लाख रुपैयाँ बराबरको उपकरण उपलब्ध गराएको केन्द्रमा एकजना नेत्र सहायक र एक जना सहायक कर्मचारी रहनेछ । कर्मचारीको व्यवस्थापन भने गाउँपालिकाले गर्नेछ । केन्द्रको सञ्चालन र व्यवस्थापन पालिकाले गर्नेछ भने प्राविधिक सहयोग हेटौंडा सामुदायिक आँखा अस्पतालले गर्नेछ ।

ग्रामीण क्षेत्रमा सेवा विस्तारका लागि कोरियाको अन ड्रिम परियोजनाले हेटौंडा सामुदायिक आँखा अस्पताललाई सहयोग गर्दै आएको अस्पतालका प्रशासन प्रमुख सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालले यसअघि मकवानपुरको कैलाश गाउँपालिकामा पनि यस्तै किसिमको ग्रामीण आँखा केन्द्र स्थापना गरिसकेको छ । मकवानपुरको थाहा नगर पालिका, मनहरी र बागमती गाउँपालिकामा स्थापना गरिएको आँखा केन्द्रमा भने हेटौंडा सामुदायिक आँखा अस्पतालले नै कर्मचारीको व्यवस्थापन गरेको छ । मकवानपुरको बकैया गाउँपालिकामा पनि ग्रामीण आँखा केन्द्र स्थापनाका लागि सम्झौता भइसकेको छ । आँखा केन्द्र स्थापनाका लागि सम्झौता भइसकेको छ ।




### राष्ट्रिय खुला भलिबल

## एपीएफ र आर्मी समूह विजेता बन्दै सेमीफाइनलमा


नेपाल पुलिस क्लबविरुद्ध स्पाइक प्रहार गर्दै एपीएफ क्लबका स्पाइकर ।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी खुला राष्ट्रिय भलिबल प्रतियोगितामा सशस्त्र प्रहरीको एपीएफ क्लब र नेपाल आर्मी समूह विजेता बन्दै सेमीफाइनल प्रवेश गरेको छ । बिहिबार हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको समूह चरणको अन्तिम खेलमा जीत हासिल गर्दै दुवै टिम समूह विजेता बन्दै सेमीफाइनल प्रवेश गरेको हो ।

समूह चरणको अन्तिम खेलमा एपीएफले नेपाल पुलिसलाई ३-१ को सेटमा पराजित गरेको हो । यस्तै त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशको भलिबल टिमलाई पनि समान ३-१ को सेटमा पराजित गरेको हो । समूह चरणको अन्तिम खेलमा हार व्यहोरे पनि नेपाल पुलिस क्लब र गण्डकी दुवै समूह उपविजेता बन्दै सेमीफाइनल प्रवेश गरेको छ । शुक्रबार हुने सेमीफाइनलमा एपीएफले गण्डकीको सामना गर्नेछ भने आर्मीले नेपाल पुलिसको सामना गर्नेछ । सेमीफाइनलका खेलहरु शुक्रबार हुनेछ ।

समूह चरणको अन्तिम खेलमा पहिलो र दोस्रो सेट प्रतिस्पर्धात्मक बने पनि तेस्रो र चौथो सेटमा नेपाल पुलिस क्लब कमजोर देखियो । पहिलो सेट २७-२५ ले आफ्नो पक्षमा पारेको एपीएफले दोस्रो सेट २६-२८ ले गुमाएको थियो । तेस्रो र चौथो सेट क्रमशः २५-२१, २५-२० ले आफ्नो पक्षमा पार्दै एपीएफ समूह विजेता बन्न सफल भएको हो । म्यान अफ द म्याच एपीएफका महेन्द्र श्रेष्ठ घोषित भए ।

बिहिबार नै भएको समूह चरणको अन्तिम खेलमा आर्मीले गण्डकीलाई २८-२६, २५-२०, २३-२५ र २५-२३ को सेटमा पराजित गरेको हो । पहिलो र दोस्रो सेट जितेको आर्मीले तेस्रो सेट भने गुमाएको थियो । तेस्रो सेट जितेर खेलमा फर्कने प्रयास गरेको गण्डकीले अन्ततः चौथो सेट गुमाउँदै समूह चरणको अन्तिम खेलमा हार व्यहोऱ्यो । म्यान अफ द म्याच आर्मीका दुर्गा महतो घोषित भए ।

यसअघि बिहिबार बिहान भएको समूह चरणको अन्तिम खेलमा घरेलु टोली मकवानपुर जिल्ला भलिबल संघ वालिङ भलिबल क्लबसँग पराजित भएको थियो । मकवानपुर वालिङसँग ३-१ को सेटमा पराजित भएको हो । प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको थियो । शनिबार बिहान फाइनल खेल हुने प्रतियोगिताको उपाधि विजेताले नगद २ लाख रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १ लाख रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिता स्वर्गीय केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबलको संयुक्त आयोजनामा भएको हो । प्रतियोगिताको मुख्य प्रायोजक हेटौंडा उपमहानगरपालिका रहेको छ ।

## सम्पादकीय

# गर्मी र रोगको संक्रमण

केही दिनदेखि गर्मी ह्वात्तै बढेको छ । बैशाख-जेठ गर्मी मौसम भए पनि यस वर्ष खासै पानी नपरेका कारण वातावरण सुख्खा बनेको छ र गर्मी पनि बढेको छ । गर्मी भए पनि पानी पर्न थालेको भए केही शितलता मिल्थ्यो । तर, चर्को घाम लागिरहेका कारण दिउँसोको समयमा बाहिर निस्कनै मुस्किल पर्न थालेको छ । गर्मी बढ्दै गएका कारण मानिसमा विभिन्न प्रकारका रोगको संक्रमण पनि बढेको छ । चर्को गर्मीबाट आलसतालस हुनुपर्ने अवस्थाले सबै क्षेत्रलाई प्रभावित पारेको छ । गर्मीले जनजीवन प्रभावित भइरहेको अवस्थामा यसबाट हुन सक्ने विभिन्न प्रकारका रोगको संक्रमणप्रति सचेत हुनु आवश्यक देखिएको छ । गर्मी बढ्दै जाँदा जनजीवन असहज बन्नुका साथै विभिन्न प्रकारको रोगको संक्रमणको सम्भावनालाई बढाउँछ । बिहानैदेखि चर्को घाम लाग्ने गर्दा मौसम प्रतिकूल बनिरहेको छ । गर्मीको समयमा विभिन्न प्रकारका संक्रामक रोगहरु फैलने गर्दछ । यस्ता संक्रामक रोगहरु चाँडै फैलने गरेका छन् ।

गर्मी मौसम रोगहरुको मौसम पनि हो । यो मौसममा विभिन्न प्रकारका सरुवा रोगका जीवाणु तथा भाइरसको संक्रमण बढी हुने गर्छ । गर्मीमा खाना छिटो सड्ने र यस्तो खाना विषाक्त हुने, लामखुट्टेको वृद्धि पनि यही मौसममा बढ्ने गरेका कारण रोगको संक्रमण बढी हुने गर्दछ । गर्मी मौसममा बढ्ने प्रदूषणले पनि रोगहरु निम्त्याउँछ । गर्मी मौसममा सामान्य रुघाखोकी तथा ज्वरोको संक्रमण बढी हुने गर्दछ । चिकित्सकका अनुसार गर्मीमा दूषित खाना तथा पानीका कारण टाइफाइड ज्वरो, आउँ, झाडापखाला, हैजा, हेपाटाइटिस आदि रोग बढी सक्रिय हुन्छन् । लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, जापानिज इन्सेफ्लाइटिस, कीट तथा भुसुनाको टोकाइबाट सर्ने स्क्रबटाइफस, कालाजार आदि गर्मीमा नै बढी देखिने गरेको छ । गर्मी मौसममा सर्पले टोक्ने सम्भावना पनि उत्तिकै रहन्छ । सडेगलेका, झिंगा भन्केका, राम्रो सफाइ नभएको ठाउँमा खानाले र आफ्नो पनि सफाइ राम्रोसँग नगरेको अवस्थामा यी रोग सर्छन् ।

पछिल्ला केही दिनदेखि गर्मी बढेका कारण मौसममा परिवर्तन आएसँगै विभिन्न रोगका संक्रमण देखा पर्न थालेका छन् । मौसम परिवर्तनसँगै मानिसको शरीरमा रोगसँग लड्न सक्ने प्रतिरोधात्मक शक्ति कम हुने भएकाले संक्रमण बढ्ने चिकित्सकको भनाई छ । गर्मीमा रोगको संक्रमणबाट बच्न बासी तथा सडेगलेका खानेकुरा नखाने, सफा पानी पिउने, घाममा धेरै बाहिर ननिस्कने तथा विरामी भएमा जथावाभी औषधीहरु सेवन नगर्नु उचित हुन्छ । संक्रामक रोगले युवालाई भन्दा जेष्ठ नागरिक, बालबालिका र दीर्घरोगीहरुलाई सताउने गर्दछ । गर्मी बढ्दै गएपछि बालबालिका बढी प्रभावित बनेका छन् । विद्यालयमा दिनभर चर्को गर्मीमा बस्नुपरेका कारण बालबालिकामा स्वास्थ्य समस्या बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै केही दिन विद्यालय बन्द गर्नुपर्ने आवाज पनि उठ्न थालेको छ । वर्षे बिदाबाट मिलान गरेर अहिलेको चर्को गर्मीमा विद्यालयको पठनपाठन बन्द गर्दा बालबालिकालाई सहज हुने भएकाले यस्तो आवाज उठ्नु स्वभाविक पनि हो ।

गर्मी महिनामा वर्षेनि यस्तो समस्या देखिने गरेको भए पनि हामीमा सचेतना बढेको छैन । एउटै खालका रोगहरु हरेक वर्ष दोहोरिने भएकाले समयमै सावधानी अपनाए रोग लाग्नबाट बच्न र बचाउन सकिन्छ । गर्मी बढ्दै जाँदा वर्षेनि मौसमी रोगले दुःख दिने भएकाले आम मानिसहरु आफ्नो स्वास्थ्यप्रति सचेत हुनु आवश्यक छ । विभिन्न तहका सरकारले पनि यस्तो समयमा फैलने रोग र त्यसबाट बच्ने उपायका बारेमा चेतनामूलक सन्देश प्रवाह गर्नुपर्छ । पानी र खानाबाट हुने झाडापखाला, वान्ता, रुघाखोकी, जन्डिसजस्ता रोगहरु फैलने भएकाले सफा पानी पिउने, बासी खाना नखाने गरेमा यस्ता रोगबाट बच्न सकिन्छ । संक्रामक रोगहरुले कुनै पनि बेला महामारीको रुप लिने भएकाले सरकार र सम्बद्ध निकाय चनाखो हुनुपर्छ । समस्या परेपछि जागरुक बन्नुभन्दा समस्या आउनै नदिनेतर्फ सबै पक्ष गम्भीर बनेमा गर्मीबाट हुने रोगको संक्रमण कम गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : समस्याहरुले छाइने समय योग छैन । |
| **वृष** | : पारिवारीक सहयोग प्राप्त हुने समय योग छ । |
| **मिथुन** | : प्रेम प्रसंगमा आत्मीयता बढ्ने समय योग छ । |
| **कर्कट** | : हडबडले काम नगर्दा राम्रो रहने योग छ । |
| **सिंह** | : शेयर कारोबारजन्य कामबाट घाटा बेहोर्नुपर्ला । |
| **कन्या** | : साना कुरामा वादविवाद बढ्न सक्ने समय छ । |
| **तुला** | : साझेदारी र प्रतिस्पर्धी काममा सफलता । |
| **वृश्चिक** | : परोपकारी र धार्मिक काममा सरिक भइने छ । |
| **धनु** | : पढाइ– लेखाइका कामहरु मध्यमकारक छन् । |
| **मकर** | : पारिवारीक सहयोग प्राप्त हुने समय योग छ । |
| **कुम्भ** | : ठूलाको बचन शिरोधार्य गर्दा लाभ प्राप्त । |
| **मीन** | : अध्ययन–अध्यापन ठिकै रहने योग छ । |

# रेशम चौधरीको माफी प्रकरणको ‘साइड इफेक्ट’



शिजजी श्रेष्ठ

हाल सैनिक शासनको नजरबन्दमा रहेकी नोबेल शान्ति पुरस्कार विजेता प्रजातन्त्रवादी नेत्री आङ सान सुकीले एकताका भनेकी थिइन्- सत्ताले होइन, सत्ताच्युत हुने भयले नेतृत्वलाई भ्रष्ट बनाउँछ ।

नेपालमा केही वर्षयता सत्ताको जोडघटाउमा आधारित रहेर निर्णयहरू हुने गरेका छन् । निर्णयमा जसरी भए पनि आफ्नो सत्ता टिकाउने उद्देश्य रहने गरेको छ । यसैको एउटा दृष्टान्त बनेको छ राष्ट्रपतिबाट रेशम चौधरीको कैद सजाय माफी ।

२०७२ भदौमा ८ जना प्रहरी र एक दूधेबालक मारिएको नृशंस घटनाका मुख्य योजनाकारका रूपमा जिल्ला अदालतबाट दोषी ठहर भएका रेशम चौधरीको सजाय उच्च र सर्वोच्च दुवै अदालतले सदर गरेका थिए । उनलाई जन्मकैद तोकिएको थियो ।

सर्वोच्च अदालतबाट फैसला भएको दुई साता पनि नबित्दै र फैसलाको पूर्णपाठ नआउँदै गणतन्त्र दिवसका अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिले उनलाई कैद माफी दिए ।

सरकारले सत्ता साझेदार दलका नेता रेशमलाई कैद माफीका लागि राष्ट्रपतिसमक्ष पत्र पठाएको समाचार बाहिरिएसँगै यत्रतत्र चासो र सरोकार प्रकट भयो । धेरैजसोले विरोध गरेका थिए । अझ उल्लेखनीय पक्ष त के थियो भने टीकापुर घटनामा नृशंस तवरले मारिएमध्येका प्रहरी निरीक्षक केशव बोहोराका धर्मपत्नी शारदा बोहोरा माफी नदिन अनुरोध गर्दै राष्ट्रपति कार्यालय पुगेकी थिइन् ।

अहिले उनै शारदाले रेशमको कैद माफीविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेकी छन् ।

सत्ताको जोडघटाउमा संविधानको व्यवस्था दुरूपयोग गर्दै दण्डहीनतालाई प्रश्रय दिने गरी भएको कैद माफीको निर्णयले कर्तव्य पालनाको क्रममा नृशंस तवरले मारिएका निहत्था प्रहरीको अपमान भएको छ ।

अदालतको फैसला लेखेको मसी नसुक्दै त्यसको धज्जी उडाउने काम भएको छ । पीडितका परिवारको मन नर म्र्ररी कुँडिएको छ । सत्ताको जोडघटाउमा प्रभाव पार्न सक्ने शक्तिले राजनीतिक रङ र रूपमा जस्तोसुकै निर्णय गर्न सक्छ भन्ने सन्देश प्रवाह भएको छ ।

रेशमलाई कैद माफी दिने निर्णयमा सत्तासाझेदार दलहरू नेपाली कांग्रेस, माओवादी, जसपा सहभागी नै छन्, प्रतिपक्षी दल एमालेले समेत विरोधमा ठूलो आवाज गर्न सकेन। विरोध गरेजस्तो मात्रै गर्‍यो । माफी प्रकरणको सुरूआत अहिले प्रतिपक्षमा रहेको एमाले सरकार हुँदा नै भएको थियो । त्यति बेला कांग्रेसका केही नेताहरूले विरोध गरेका भए पनि आवाज मलीन थियो ।

सत्तासाझेदार र विपक्षी दलहरूले रेशमलाई जन्मकैद माफी दिने निर्णयबाट पर्ने ‘साइड इफेक्ट’ का बारेमा के सोचेका छन् ? फैसलाको पूर्णपाठ नआउँदै भएको यस माफीले न्यायिक प्रणालीमा पार्ने असर कस्तो होला ? प्रहरी कर्मचारको मनोविज्ञानमा कस्तो असर पर्ला ?

प्रहरी संगठनले सरकारको निर्णय चुपचाप पालना त गर्ने नै छ तर के चुपचाप पालना गर्नु भनेको खुसीसाथ स्वीकार गर्नु पनि हो ? ड्युटीमा रहेको प्रहरीले आफ्नो सुरक्षा सोच्ने कि नसोच्ने ? जीवन जोखिममा राखेर काम गर्ने कि नगर्ने ?

सत्ता र विपक्षसँग यी प्रश्नको जवाफ हुनुपर्छ ।

आफ्नो कर्तव्य पालनाका लागि मैदानमा खटिएको फौजी, सेना होओस् कि प्रहरी, जहिले पनि एउटै कुरा सोचेर गएको हुन्छ । फौजीको प्रत्येक सैनिक वा प्रहरीले म आफ्नो कर्मक्षेत्रबाट सुरक्षित फर्कनेछु, फर्किनँ भने पनि राष्ट्रबाट सम्मान पाउनेछु भन्ने विश्वास लिएको हुन्छ ।

यसै कारण उनीहरु जस्तोसुकै जोखिममा पनि काम गर्न तयार हुन्छन् । तिनका परिवारले पनि यस्तै विश्वास लिएका हुन्छन् । फौजीका परिवारले जोखिम थाहा नपाएको हुँदैन ।

आफ्नो यस्तो विश्वासमा प्रश्न उठ्छ भने के हुन्छ ? निहत्था व्यक्ति वा जमातले आफूलाई असुरक्षित वा अपमानित ठान्यो भने के हुन्छ ? हतियारधारी व्यक्ति वा जमातले आफूलाई असुरक्षित वा अपमानित ठान्यो भने के हुन्छ ?

यी प्रश्नहरूको उत्तर खोज्न अनिवार्य भएको छ ।

यहाँ एउटा दृष्टान्त उल्लेख गर्न सान्दर्भिक ठान्छु ।

२०५४ सालताका सल्यान जिल्लामा बढ्दो माओवादी गतिविधिका बीच प्रहरीले एक जना स्थानीयवासीलाई पक्राउ गर्‍यो । ठूलो संख्यामा आएका मानिसहरुले गाउँमा रहेको प्रहरी चौकी घेराउ गरे । भिड बढ्दै जाँदा स्थिति तनावपूर्ण भयो ।

सम्झाउने प्रयास गरिरहँदा भिड चौकीभित्र पस्न खोजेपछि प्रहरीले रोक्यो ।

यस्तैमा ठेलमठेल हुँदा नेकपा एमालेबाट निर्वाचित तत्कालीन गाविस अध्यक्षले उत्तेजित हुँदै प्रहरीका एक हवल्दारको नाम लिएर धम्क्याएछन्- तेरो घर दाङ होइन ? तेरो परिवारका सबैलाई चिनेको छु, याद गर ।

हवल्दार पनि उत्तेजित भएछन् र भिडबाट ती गाविस अध्यक्षलाई घिसार्दै भुइँमा लडाएर छातीमा राइफल ताकेछन् । अलिक पर भिडका बीचमा रहेका चौकीका इन्चार्ज इन्स्पेक्टरले के गरेको भन्दै रोकेछन् ।

ती हवल्दारले भनेछन्- यसले मेरो गाउँको नाम लिएर मेरो परिवारमाथि दागा धर्‍यो । यो बाँच्नु म र मेरो परिवारका लागि खतरा हो, आज कि यो छैन, कि म छैन ।

भुइँमा लडेका गाविस अध्यक्ष हात जोडिरहेका छन्, हवल्दारले छातीमा राइफल ताकेका छन् । बाहिर भिड छ । इन्स्पेक्टरले बडो मुश्किलले स्थिति काबुमा लिएर गाविस अध्यक्षलाई पठाएछन् ।

यो घटना प्रहरीहरूमाझ निकै पछिसम्म चर्चाको विषय बनेको थियो । ती इन्स्पेक्टर पछि सशस्त्र प्रहरी बलको डिआइजी (नायब महानिरीक्षक) भए ।

बर्दिवाला हतियारधारी होओस् कि बर्दिविहीन हतियारधारी, यी दुवैले आफूलाई असुरक्षित महसुस गरे भने वातावरण भयावह हुन सक्छ । यसतर्फ सरकार सधैं सचेत रहनुपर्छ । बर्दिवाला हतियारधारीहरु सरकारकै भरोसामा हुन्छन्, यो भरोसा टुट्न दिनु हुँदैन ।

टीकापुरमा घटना भएको अघिल्लो दिन आन्दोलनकारी समूहसँग प्रहरी प्रशासनको वार्ता हुँदा आन्दोलन शान्तिपूर्ण हुने र प्रहरीले पनि हतियार नबोक्ने सहमति भएको थियो । प्रहरी त्यही विश्वासमा खाली हात आयो तर आन्दोलन शान्तिपूर्ण भएन ।

घटनापछि प्रहरी कस्तो अवस्थामा पुग्यो होला त !

प्रमुख जिल्ला अधिकारीको आदेशमा भिड नियन्त्रणमा जाने प्रहरीले परिस्थिति हेरेर उनको मौखिक आदेशमा समेत गोली चलाउने गर्छ । यस बेला उनकै विश्वास गरेको हुन्छ । पछि त्यही आदेशको लिखत लिइन्छ । यस्तो काम विश्वासकै भरमा हुन्छ ।

२०५१ सालमा म विराटनगर गणमा कार्यरत रहँदा प्रहरी जवान र हवल्दारहरुलाई भिड नियन्त्रणको तालिमका क्रममा स्थानीय प्रशासन ऐन, २०२८ पढाउँदै थिए । लाठी चार्ज, अश्रु ग्यास प्रहार, हवाई फायर वा गोली प्रहार जस्ता बल प्रयोगबारे ऐनको व्यवस्था बताउँदै थिएँ ।

सम्भव भएसम्म सिडिओको लिखित आदेश लिनुपर्छ, मौखिक आदेशमा पनि घुँडामुनि गोली हान्न सकिन्छ तर २४ घन्टाभित्र लिखितमा परिणत गराउनुपर्छ भनेँ ।

एक प्रहरी जवानले सोधे- सिडिओले लिखित आदेश दिए भने त ठिकै भयो, मौखिक आदेशमा गोली हानेपछि स्थिति झन् बिग्रिएर विवाद बढ्ने अवस्थामा सिडिओले आदेशको लिखत दिएनन् भने के हुन्छ ?

मैले प्रशिक्षार्थीहरुलाई सम्झाएँ- त्यस्तो हुँदैन, सिडिओको विश्वास गर्नुपर्छ ।

प्रशिक्षार्थीहरु सन्तुष्ट हुन सकेनन् ।

शंका प्रकट गरे- परिस्थिति प्रतिकूल भएर सिडिओले विश्वासघात गरे भने नि ?

कुनै प्रसंगमा एकजना पुराना प्रहरी अधिकृतले भनेको कुरा सम्झें ।

त्यही आधारमा प्रशिक्षार्थीहरुलाई कूटनीतिक पाराले जवाफ दिएँ- भाइहरु हो, त्यस्तो परिस्थिति आयो भने म तिमीहरुलाई यसो गर भन्दिनँ तर मलाई पर्‍यो भने मसँग भएको पेस्तोलको १४ गोलीमध्ये १३ गोली भिडतिर हानेर सिडिओसामु जानेछु र सोध्नेछु- सर, यसमा भएको १४ गोलीमध्ये १३ गोली उता हाने, बाँकी एक गोली कहाँ हानूँ ?

...बाँकी पृष्ठ ३ मा

# हामीले खाने पानीपुरी स्वस्थकर छ त ?



प्रतीक जोशी



पहिले पहिले सामान्यतया तराईमा र उपत्यकाको निश्चित स्थानमा मात्र पाइने पानीपुरी आजभोलि हरेक गल्ली र चोकमा पाइन्छ । अझ स्कुल, कलेज पढ्ने विद्यार्थीले त दिनहुँजसो खान्छन् पानीपुरी । यसरी खुला रुपमा, बिना कुनै सरसफाइ जतासुकै बिक्री-वितरण हुने र अत्यन्त लोकप्रिय खाजा पानीपुरी खान कत्तिको स्वस्थकर छ त ?

सडकमा बेचिने विभिन्न खाजा, खानेकुराहरुमध्ये पानीपुरी एउटा यस्तो परिकार हो जसबाट संक्रमण हुने सम्भावना अत्यधिक हुन्छ । पानीपुरी विशेषतः बाटोछेउमा ढल नजिकै रहेको पसलमा वा ठेलागाडामा बेच्ने गरिन्छ जहाँबाट धुवाँधुलोबाहेक हानिकारक कीटाणु/ब्याक्टेरिया समेत संक्रमण हुने सम्भावना अत्यन्त उच्च हुन्छ । वर्षायाम र गर्मीमा पानीपुरी खानु अझ धेरै खतरनाक हुन्छ किनभने यसयाममा खाद्यवस्तुमा ब्याक्टेरियाको वृद्धिका लागि अनुकूल हुन्छन् ।

पानीपुरी बेच्नेको सरसफाइको अवस्था त्यत्तिकै ख्याल गर्नुपर्छ । अधिकांश पानीपुरी बिक्रेताले डिस्पोजेबल प्लास्टिक ग्लब्स लगाउँदैनन् । आफ्नो नाङ्गो औंलाले उनीहरु पुरी तोड्छन्, भित्र मसला भर्छन् र त्यसपछि यसलाई अमिलो झोल भएको कचौरामा डुबाउँछन् । यस क्रममा औंलामा जमेको फोहोर झोलमा अनि पानीपुरीमा सर्छ । बिक्रेताको फोहोर हातबाट हुकवर्म, पिनवर्म झोलमा जान्छ र सो झोल खाँदा उपभोक्ताको पेटमा जुका/कीरा उत्पन्न हुने सम्भावना उच्च हुन्छ ।

त्यसैगरी यदि हातमा कुनै कीटाणु वा ब्याक्टेरिया छ भने यसले संक्रमण, बान्ता र पखालाजस्ता रोग निम्त्याउन सक्छ। साथै भाइरसबाट सर्ने हेपाटाइटिस ‘ए’ लाग्ने सम्भावना पनि रहन्छ । पानीपुरीको अमिलो झोल बनाउन साइट्रिक एसिडको प्रयोग बढ्दो छ जसलाई धेरै खानाले विभिन्न साइड इफेक्टहरू देखिन सक्छ । अमिलो झोल धेरै मात्रामा वा बारम्बार सेवन गर्दा दाँतको इनामेललाई क्षति पुऱ्याउन सक्छ । त्यसैगरी पाचन असुविधाका साथै पेट फुल्ने, दुख्ने, पखाला लाग्ने, छातीमा जलन हुने, श्वास फेर्न गाह्रो हुने, कतिपयमा एलर्जी हुनेजस्ता समस्या देखिन सक्छन् ।

त्यस्तै पानीपुरी तार्न प्रयोग गरिने तेलको गुणस्तर । सामान्यतया एकपटक तार्नको लागि प्रयोग गरिएको तेल पुनः प्रयोग गर्नु स्वास्थ्यका दृष्टिकोणले राम्रो मानिंदैन तर पानीपुरी बिक्रेताले एउटै तेल बारम्बार प्रयोग गर्ने गरेको पाइन्छ । यसले क्यान्सर समेत निम्त्याउन सक्ने सम्भावना राख्छ ।

यसरी बारम्बार प्रयोग गरिने न्यून गुणस्तरको तेल ट्रान्स फ्याटको स्रोत पनि हो जसबाट हृदय रोगको जोखिम बढ्न जान्छ। झोल बनाउन प्रयोग गरिने पानी शुद्ध भएन भने त्यसले तुरुन्तै झाडापखाला, हैजा, फुड पोइजनिङ, पाचन प्रक्रियामा गडबडीजस्ता समस्या निम्त्याउन सक्छ ।

तसर्थ, पानीपुरीको सेवनसँग सम्बन्धित सम्भावित स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै आजैबाट सावधानी अपनाउन आवश्यक देखिन्छ ।

(लेखक कृषि तथा पशुपन्छी विकास मन्त्रालयका खाद्य अनुसन्धान अधिकृत हुन् । स्रोतः अनलाईनखबर)

# पत्रकारिता र समाचारबारे विद्यार्थीसँग अन्तरक्रिया



*अन्तरक्रियामा सहभागी पत्रकार विष्ट र श्रेष्ठ ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा-१० मा अध्ययनरत विद्यार्थीले पत्रकार र पत्रकारिताका विविध विषयमा अन्तरक्रिया गरेका छन् । अन्तरक्रियामा कान्तिपुर दैनिकका वरिष्ठ उपसम्पादक, मकवानपुरका अग्रज पत्रकार प्रताप बिष्ट र मकवानपुर बहुमुखी क्याम्पसको आमसञ्चार तथा पत्रकारिता विषयका सहायक प्राध्यापक एवम् समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ सहभागी हुनुहुन्थ्यो ।

१० कक्षाको अनिवार्य अंग्रेजी विषयको पाठ्यक्रममा आधारित एकाई १ मा समाचारपत्रको साजसज्जा र प्रदर्शनीअन्तर्गत परियोजना कार्य गरेका विद्यार्थीले पत्रकारसँग अन्तरक्रिया समेत गरेका हुन् । विद्यार्थीले समूहमा रहेर तयार पारेका परियोजनाको अवलोकनपछि विष्ट र श्रेष्ठले विद्यार्थीसँग अन्तरक्रिया गर्नुभएको हो ।

विद्यालयका प्रिन्सिपल विनोद सुवेदी, सहायक प्रिन्सिपल एवम् अंग्रेजी विषय शिक्षक अमुल श्रेष्ठ, २ नम्बर वडास्तरीय बाल समूह सञ्जाल तथा बालजागृति बाल समूहकी अध्यक्ष कृशाङ्गी अर्यालको उपस्थितिमा भएको अन्तर क्रियामा विद्यार्थीले पत्रकारिताको प्रक्रिया, पत्रकार बन्न चाहिने योग्यता र क्षमता, सञ्चारकर्मीको रुपमा आगामी अवसर र चुनौतिको विषयमा विद्यार्थीले जिज्ञासा राखेका थिए । यस्तै अग्रज पत्रकार प्रताप विष्टसँग विद्यार्थीले पत्रकारिताको सुरुवाती समयको अनुभवका बारेमा जिज्ञासा राखेका थिए । विद्यार्थीको जिज्ञासामा विष्टले सुरुवाती समयमा सूचनाको संकलन, लेखन र सञ्चारगृहसम्म पुर्‍याउन भोग्नु परेका असहजताका बारेमा बताउनुभयो ।

पछिल्लो समय सूचनाप्रविधिमा भएको विकासले सहजै सूचना संकलन, लेखन र सम्प्रेषण सम्भव भएको उल्लेख गर्नुहुँदै विष्टले भन्नुभयो, "हामीले सुरुवाती समयमा समाचार लेखेर, फोटो खिचेर काठमाडौंस्थित सञ्चारगृहसम्म पठाउने क्रममा निक्कै दुख गर्नुपर्थ्यो । फोटो खिचेर एकदिनपछि तयार हुन्थ्यो । समाचार लेखेर कुरियरमार्फत काठमाडौं पठाउनु पर्थ्यो । अहिलेका विद्यार्थीलाई सुनाउँदा कथा जस्तै लाग्न सक्छ ।

अन्तरक्रियामा पत्रकार श्रेष्ठले पत्रकारिता क्षेत्रमा रुचि हुने व्यक्तिले समाजप्रति सघनरुपमा चासो र चिन्ता व्यक्त गर्नुपर्ने बताउनुभयो । विद्यालय तहको अध्ययन पूरा गरेपछि औपचारिक अध्ययन र पत्रकारिताको अभ्यास गर्दै जाने हो भने राम्रो भविष्य हुने पनि उहाँको भनाइ थियो । विद्यालयका प्रिन्सिपल सुवेदीले विद्यार्थीलाई जीवन्त बुझाइका लागि पत्रकारसँग अन्तरक्रियाको आयोजना गरिएको बताउनुभयो ।

# माधवको गीत असार १ मा

समाज संवाददाता

हेटौँडाः साहित्यकार माधव पोखेलले रचना गर्नुभएको गीत असार १ गते सार्वजनिक गरिने भएको छ । बिहिबार हेटौँडामा पत्रकार सम्मेलनको आयोजना गरेर साहित्यकार माधव पोखेलको रचना, शक्ति बल्लभको संगीत संयोजन तथा सुमित खड्काको स्वरमा तयार पारिएको गीत सार्वजनिक गर्ने जानकारी गराइएको छ ।

राष्ट्रिय भावनाले ओतप्रोत गीत सांगीतिक साँझसहित हेटौँडा बजार लायन्स क्लबले सार्वजनिक गर्न लागेको हो । सांगीतिक साँझमा लोकदोहोरी गायिका प्रतिमा अर्यालसहित स्थानीय कलाकारको पनि प्रस्तुती रहने क्लबका अध्यक्ष लक्षमण कँडेलले जानकारी गराउनुभएको छ ।

## आमाले दुई सन्तानलाई विष पिलाइन्

# १८ महिने बालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५, जाँतेमा एक महिलाले आफ्ना दुई सन्तानलाई विष पिलाएर आफूले पनि विष पिएकी छिन् । बुधबार साँझ ५ बजेर ५० मिनेटको समयमा ३६ वर्षीया सोनी पाखिनले ७ वर्षीय छोरा अस्किन वाईवा र १८ महिनाको छोरा जेनिस वाईवालाई विषादी पिलाएर आफूले पनि विषादी सेवन गरेको मकवानपुर प्रहरीले जनाएको छ ।

विषादी सेवनबाट बिरामी भएका तीनैजनालाई हेटौँडा अस्पतालमा उपचारका लागि पुर्‍याइएको थियो । थप उपचारका लागि भरतपुर पठाइएकोमा १८ महिने छोरा जेनिस वाईबाको बिहिबार बिहान ७ बजेर ५० मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ । अस्किनको अवस्था मध्यम रहेको र सोनीको अवस्था भने गम्भीर रहेको मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

के कारणले विषादी सेवन गर्‍यो भन्ने स्पष्ट नभएको प्रहरीले जनाएको छ । यता वडा अध्यक्ष सुनिल मोक्तानले पनि दुखद् घटना भएको बताउनुभयो । परिवारमा त्यस्तो समस्या जस्तो नदेखिएको उल्लेख गर्नुहुँदै वडा अध्यक्ष मोक्तानले घाइतेको उपचार र घटनाबारे बुझ्ने प्रयास भइरहेको बताउनुभएको छ । मृतक बालकको बिहिबार देवघाटमा अन्तिम संस्कार गरिएको वडा अध्यक्ष मोक्तानले जानकारी दिनुभएको छ ।

## दलित महिला संघको प्रदेश सम्मेलन

# १६ बुँदे हेटौँडा घोषणापत्र जारी, प्रदेश अध्यक्षमा पवित्रा



*सम्मेलन सम्पन्न भएपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडाः दलित महिला संघ (फेडो) ले दलित महिलाका मुद्दासहित १६ बुँदे घोषणापत्र जारी गरेको छ । बिहीबार हेटौँडामा पत्रकार सम्मेलनको आयोजना गर्दै संघले घोषणापत्र जारी गरेको हो । संघका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला अध्यक्ष पवित्रा विकले घोषणापत्र प्रस्तुत गर्नुभयो ।

बागमती प्रदेशका १३ वटै जिल्लाका दलित महिला जनप्रतिनिधि र अभियन्ताहरु सहभागी दुई दिने सम्मेलनको छलफलबाट निस्किएका मुद्दाहरु गरिबी, रोजगारी, समानुपातिक प्रतिनिधित्व, निःशुल्क शिक्षा, अन्तरजातीय विवाह, छुवाछुत, चेलिबेटी बेचविखन, बालविवाह, एचआइभी/एड्सको खतरा, बहुविवाह, बलात्कार, प्रजनन् स्वास्थ्य, महिलामाथि हुने विभिन्न हिंसाहरु र यसबाट पर्ने नकारात्मक असरहरुलाई मध्यनजर गर्दै घोषणापत्र जारी गरिएको हो ।

संघले दलित सशक्तिकरण विधेयकको मस्यौदा तयार गरी पास गरेर कार्यान्वयन गर्न माग गरेको छ । यस्तै, हरेक क्षेत्रमा महिला सहभागिताको सुनिश्चितता गर्न माग गरिएको छ । दलित उत्तरदायी बजेट र त्यसको कार्यान्वयनलाई परिणाममुखी बनाउन माग गरिएको छ । बागमती प्रदेशमा समस्याको रुपमा रहेको चेलिबेटी बेचविखन रोकथाम गर्न, गरिब दलित बालबालिकाहरुलाई प्राथमिकतामा राख्ने व्यवस्था गर्न र सबै पाठ्यक्रमहरु लैंगिकमैत्री तथा जातीय समानतामा आधारित निर्माण गर्न माग गरिएको छ । यस्तै, दलित महिलाले सञ्चालन गरेको उद्योग तथा व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि साना उद्योगका लागि बिना धितो ऋण उपलब्ध गराउन माग गरिएको छ ।

अन्तरजातीय विवाह गर्ने जोडीलाई सुरक्षा दिन पनि भनिएको छ । संघका केन्द्रीय अध्यक्ष कला स्वर्णकारले घोषणापत्रलाई प्रदेश सरकार, सबै राजनीतिक दल र सरोकारवाला निकायहरुलाई कार्यान्वयनका लागि आग्रह गरिने बताउनुभयो । संघले समाजमा विद्यमान जातीय, लैङ्गिक, धार्मिक, राजनीतिकलगायत सबै किसिमका विभेद र छुवाछुतको विरुद्ध शून्य सहनशीलताको नीति लिई कार्य गर्न प्रतिबद्धता रहेको जनाएको छ । संघीय, प्रदेश र स्थानीय सरकारले निर्माण गरेका ऐन कानुनहरु र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोगीका रुपमा काम गर्न प्रतिबद्धता रहेको जनाएको छ ।

बागमती प्रदेशका दलित महिलाहरुको अधिकार प्राप्तिका लागि सचेतीकरण, सशक्तिकरण र संगठित गर्ने संघले प्रतिबद्धता जनाएको छ । बिहिबार सम्पन्न सम्मेलनले पवित्रा बिश्वकर्माको अध्यक्षतामा बागमती प्रदेश समिति गठन गरेको छ ।

## तेस्रो मेयरकप फुटबल

# ९ र ११ नम्बर वडा क्वार्टरफाइनलमा

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी मेयरकप फुटबल प्रतियोगिताअन्तर्गत बिहिबार भएको खेलमा ९ र ११ नम्बर वडा विजयी भएको छ । ९ नम्बर वडाले १६ नम्बर वडालाई पराजित गर्दै क्वार्टर फाइनलमा प्रवेश गरेको छ भने ११ नम्बर वडाले ७ नम्बर वडालाई पराजित गर्दै क्वार्टर फाइनल प्रवेश गरेको छ ।

११ नम्बर वडाका लागि पहिलो हाफमा पवन राईले निर्णायक गोल गरे । राई म्यान अफ द म्याच घोषित भए । यस्तै बिहिबार भएको दोस्रो खेलमा १ गोलले पछि परेको स्थितिलाई उल्टाएर ९ नम्बर वडा २-१ गोलअन्तरले विजयी भएको हो । खेलको पहिलो हाफमा १६ नम्बर वडाले गोल गरेर खेलमा अग्रता बनाएको थियो । १६ नम्बर वडाका विकास राईले सुरुवाती गोल गरेका थिए । दोस्रो हाफमा ९ नम्बर वडाका लागि विमर्श कार्कीले बराबरी गोल गरे । दोस्रो हाफमै ९ नम्बर वडाका सुरेन्द्र अर्यालले फ्रि-किकमार्फत निर्णायक गोल गरे । सुरेन्द्र म्यान अफ द म्याच घोषित भए ।

प्रतियोगिताअन्तर्गत शुक्रबार १ र ५ नम्बर वडाबीच पहिलो खेल हुनेछ भने दोस्रो खेल वडा नम्बर १२ र १४ बीच हुनेछ । हेटौँडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिताको फाइनल खेल जेठ २७ गते हुनेछ । प्रतियोगितामा हेटौँडा उपमहानगरका १९ वडाको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार, सेमीफाइनलमा पराजित हुने २ वटा टिमलाई ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीलाई १५ र उत्कृष्ट खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

# अचानक बेहोस हुँदा तामाङको मृत्यु

समाज संवाददाता

**हेटौँडाः दोलखा जिल्लाको खाँडादेवी गाउँपालिका-१, माझीगाउँमा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा काभ्रे जिल्लाको धुलिखेल नगरपालिका-१२, बतासे घर भएका ३६ वर्षीय शुक्रराम तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।**

**तामाङ बुधबार ससुराली सुनापती गाउँपालिका-३, स्वाराबाट घर फर्कने क्रममा सडकमा अचानक बेहोस हुँदा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।**

# वेवारिसे शव फेला

समाज संवाददाता

**हेटौँडाः धादिङ जिल्लाको गल्छी गाउँपालिका-२, पानीछापमा एक जना पुरुषको शव फेला परेको छ । बुधबार दिउँसो २ बजेको समयमा अँधेरी जंगलमा सनाखत नभएको पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।**

**सडी गलेको अवस्थामा शव फेला परेको प्रहरीको भनाई छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जनाएको छ ।**

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौँडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइन: ९८५५०-७२२८८**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौँडा रिफरेन्स ल्यावरोटरी,**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना**

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिल बमोजिम बढीमा पचास हजार रुपैयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौँडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ